संघीय संसद

राष्ट्रिय सभा

**बाह्रौं अधिवेशन**

**बैठक – ३२**

**सूचनापत्र -२**

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:०० बजे*
*बैठक अन्त्य : २:३९ बजे*

२०७९ असार २०, सोमबार

---

राष्ट्रिय सभाको बाह्रौं अधिवेशनको **बत्तिसौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न १:००** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **"विशेष समय"** मा बोल्नको लागि दलीय आधारमा प्राप्त नामावली अनुसार क्रमाशः देहाय बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो:

**माननीय अनिता देवकोटा**ले बजेट फ्रिज हुने बहानामा अर्थिक वर्षको अन्त्यमा खर्च गर्ने प्रवृत्ति (असारे विकास) नरोकिएकाले संविधानले गरेको व्यवस्था अक्षरस कार्यान्वयन गर्न सभा मार्फत सरकारको ध्यानाकर्षण गराउनुहुँदै कृषकलाई समयमै मल उपलब्ध गराउन रहेको नीतिगत जटिलता हटाउन माग गर्नुभयो ।

**माननी भैरव सुन्दर श्रेष्ठ**ले सार्वभौम सदनले जनताको आवाजलाई मुखरित गरिरहने तर सरकारले सरकारले सदनमा उठेका विषयमा ध्यान नदिने अवस्था अन्त्यको माग गर्नुभयो । उहाँले असार पन्ध्रमा धान दिवस मनाइ रहँदा कृषकले समयमै रासायनिक मल नपाउने अवस्था रहेकोले समयमै रासायनिक मल र बिउ बिजनको व्यवस्था गर्न माग गर्नुभयो ।

**माननीय गोपी बहादुर सार्की आछामी**ले विराटनगर विमानस्थल निर्माणमा सरकारको ध्यान नगएको तर स-सना टुक्रे योजनामा सरकारले बजेट विनियोजन गरेका कारण भएको ढिलाई सम्बन्धमा नेपाल सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले संघीय निजामति सेवा ऐन आउन ढिला भएको कारण प्रदेश र स्थानीय तहमा सेवा व्यवस्थापन गर्ने कर्मचारीको अभाव भएको जानकारी गराउनुहुँदै यथाशीघ्र उक्त ऐन ल्याउनु माग गर्नुभयो ।

**माननीय उदय बहादुर बोहरा**ले संघीयतामा नेपाल गएता पनि नेतृत्व वर्गको मानसिकता र प्रवृत्ति भने केन्द्रिकृत रहेकोले यसको सुधार आवश्यक रहेको जनाउनुहुँदै अधिकार विकेन्द्रिकरणको अवस्था दयनीय रहेको जानकारी गराउनुभयो ।

**माननीय शेखर कुमार सिंह**ले नेपाल कृषि प्रधान मुलुक भएता पनि कृषिको समयमा रासायनिक मल उपलब्ध गराउनु नसक्नु सरकारकारको लज्जास्पद विषय भएको भन्दै उहाँले निजामति सेवा ऐन र नागरिकता ऐन चाँडो ल्याउन सरकार समक्ष माग गर्नुभयो ।

**माननीय प्रकाश पन्थ**ले सामुदायिक क्याम्पसका शिक्षामा अथक योगदान रहेता पनि सरकार तथा सम्बन्धित निकायले यसको सबलीकरणमा ध्यान नदिँदा गुणस्तर खस्केको बारेमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय खिमलाल देवकोटा**ले नेपालको प्रमुख पर्यटकीय क्षेत्र पोखराको संरक्षण र सम्बर्द्धनका लागि सरकारले उचित ध्यान नदिँदा फेवातालको अप्राकृतिक तवरले क्षेत्रफल खुम्च्याइएको बारेमा शहरी विकास मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**माननीय भुवन बहादुर सुनार**ले संविधानले कृषि तथा भूमी सम्बन्धी नीतिमा भूमीमा रहेको दोहोरोपना अन्त्य गर्ने व्यवस्था भएता पनि भू-माफियाका कारण भूमीको दोहोरोपना कायमै रहेको बारेमा सरकारको ध्यानाकर्षण गराउनुहुँदै यस्तो अवस्था अन्त्य गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय डा. विमला राई पौड्याल**ले नेपालमा सरकारी तथा गैरसरकारी संस्थाको सुशासन कमजोर रहेको जानकारी गराउनुहुँदै नेपालको न्यायालयमा रहेको समस्याको समाधान गर्न सदनले चासो नदिएको, प्रधानन्याधीशको महाअभियोगको बारेमा सदनमा छलफल नभएको बारेमा सदनको ध्यानाकर्षण गराउनुभयो । उहाँले सांसद तलब भत्ता खाने तर गर्नुपर्ने काम नगरेकोले आत्मालोचना गर्न सभालाई अनुरोध गर्नुभयो ।

**माननीय विना पोखरेल**ले वर्षाताका कारण बाढी तथा पहिरोबाट भएको र हुन सक्ने क्षतिको बारेमा सरकारको ध्यान नगएको आरोप लागाउनुहुँदै यसको उचित व्यवस्थापनका लागि सरकार समक्ष माग गर्नुभयो । उहाँले यस्ता घटनाको राहत वितरणको समयमा घोटला हुने गरेको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय तुलसा कुमारी दाहाल**ले आर्थिक वर्ष २०७९/८० को बजेट निर्माणको क्रममा अनधिकृत व्यक्तिको प्रवेश बारेमा स्पष्ट पार्न सीसीटीभी फुटेज सदनमा देखाउन माग गर्दा १३ दिनमा फुटेज हटाइएको बारेमा आपत्ति जनाउनुहुँदै सरकारले **State Partnership Program (SPP)** को सम्बन्धमा अमेरिकालाई पत्र पठाउन नसकेको बारेमा सरकारको ध्यानाकर्षण गराउनुभयो

**माननीय नारायण दत्त मिश्र**ले "पूर्वाधार विकास कोष र प्रदेश मन्त्रालयबाट बजेट दिलाए बापत सांसद सहित छ जनालाई सुनको सुनको औंठी उपहार" शीर्षकमा कन्तिपुरमा लेखिएको लेखको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुहुँदै सरकारले मल वितरणमा गरेको ढिलासुस्तीको सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले **"विशेष समय"** मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पपश्चात् सम्माननीय अध्याक्षले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री भवानी प्रसाद खापुङलाई "कोभिड १९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त विधेयक प्रस्तुत गर्नुभयो ।

तदुपरान्त सम्माननीय अध्यक्षले "कोभिड १९ सङ्कट व्यवस्थापन विधेयक, २०७८ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त प्रस्ताव **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७९ साल असार २३ गते बिहीबार बिहान ११:०० बजे** बस्ने गरी सो दिनको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव